अनुसूची-१६
(दफा ३३ को उपदफा (२) सँग सम्बन्धित)

# श्री मायालु सामुदायिक वन उपभोक्ता समूह

तुलसीपुर उपमहानगरपालिका वडा नं. ८ बटोलपुर, दाङ

**गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३।०४।२९**

प्रिलम
अध्यक्ष

श्री मायालु सामुदायिक वन उपभोक्ता समूह, तुलसीपुर उपमहानगरपालिका वडा नं. ८ बटोलपुर, दाङको आ.व. २०८२/८३ मा स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार उत्पादित तुलसीपुर उपमहानगरपालिका वडा नं. ८ बटोलपुर, दाङमा घाटगद्दी गरी राखिएको निम्न लटको तपसिलमा उल्लेखित परिमाणको वन पैदावार जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारमा आबद्ध संघ/संस्था, फर्म वा कम्पनीले यो सूचना नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईसौं) दिनभित्र खरिद गरी २२ (बाईसौं) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

**तपसिल**

| वन पैदावारको विवरण | | | | | | न्यूनतम | | गोलिया काठ संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|
| लट नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि.) | दररेट | मूल्य रु. | |
| १ | खयर | गोलिया | - | १०५८ | ८४२.२५ | १००० | ८४२२५० | १६४२३९ |
| | जम्मा | | | १०५८ | ८४२.२५ | | ८४२२५० | |

१. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८३।०५।१८ गते ।

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय
(क) अन्तिम मितिः २०८३।०५।१९ (ख) समय १२:०० बजे सम्म ।

३. बोलपत्र साथ कबोल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, तुलसीपुर शाखा, दाङमा रहेको खाता नं. ४१६०१००००४९३४००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना अवधि रहेको बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

४. बोलपत्र फारम न्यूनतम मूल्य १० (दश) लाखभन्दा कम भएको खण्डमा प्रति लटको रु. १,०००।- र बढी भएको खण्डमा प्रति लटको रु. २,०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (दाङ), घोराहीबाट खरिद गरी यस वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वनपैदावार कार्यालय खुलेको समय भित्र यस मायालु सामुदायिक वन उपभोक्ता समूहको तुलसीपुर उपमहानगरपालिका वडा नं. ८ बटोलपुर, दाङमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, डिभिजन वन कार्यालयमा फर्म सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपि लगाएका आवश्यक कागजातहरु बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

प्रति

अनुसूची-१६

(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

# श्री मायालु सामुदायिक वन उपभोक्ता समूह

तुलसीपुर उपमहानगरपालिका वडा नं. ८ बटोलपुर, दाङ

अध्यक्ष

७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०५।१९ गते यस समूहको कार्यालयमा दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, अग्रिम आयकर, सङ्कलन खर्च लगायतका सम्पूर्ण रकम छुट्टै बुझाइ लिलाममा चढाएको वनपैदावार तोकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र फाराममा सामुदायिक वन उपभोक्ता समूहको प्रष्ट छाप लागेको र समूहको अध्यक्षको दस्तखत भएको हुनु पर्नेछ । प्रतिलिपि, समूहको छाप नलागेको र समूहको दस्तखत नभएको मान्य हुने छैन ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१२. अन्य विस्तृत कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।



**च्याउ सुकाउँदै महिला** : रुकुम पूर्व र बागलुङको सिमानास्थित पाथीहाल्नेमा जंगली च्याउ सुकाउँदै स्थानीय महिला । वर्षायामसँगै च्याउको सिजनमा टिपेर राखेका च्याउ सुकाएर पछिसम्म तरकारी खाने चलन गाउँघरमा छ । *तस्बिर : कुलदीप न्यौपाने*

# राप्ती नदीमा बगेर एकजनाको मृत्यु

**❑ महेश रिजाल**

भालुबाङ, २८ साउन । राप्ती गाउँपालिका-१ भालुबाङका ६२ वर्षीय मंगलप्रसाद बज्राचार्यको बिहीबार राप्ती नदीमा बगेर मृत्यु भएको छ ।

बिहान १०:३० बजेको समयमा हनुमानगढी मन्दिर नजिकै रहेको राप्ती नदीमा दाउरा समात्न जाने क्रममा बगेर उहाँको निधन भएको हो । उहाँका छोरा उज्ज्वल बज्राचार्य पनि साथमा जानुभएको थियो । स्थानीयहरुले थाहा पाएपछि प्रहरीलाई जानकारी गराइका र स्थानीय तथा प्रहरीको सक्रियतामा नदीबाट बज्राचार्यलाई उद्धार गरी भालुबाङ अस्पताल पुऱ्याइएको थियो तर चिकित्सकहरुले बज्राचार्यलाई मृत घोषणा गरेका थिए ।

शवको पोस्मार्टमका लागि लगिएको र सतगत शुक्रबार गरिने पारिवारिक स्रोतले जनाएको छ । घटनामा मृतक बज्राचार्यका छोरा उज्ज्वल भने पौडी खेलेर बाँच्न सफल हुनु भएको इलाका प्रहरी कार्यालय भालुबाङका प्रहरी निरीक्षक गोपाल न्यौपानेले जानकारी दिनुभयो ।

# सुदूरपश्चिमका मुख्यमन्त्रीको राजीनामा

**युगबोध समाचारदाता**

धनगढी, २८ साउन । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले पदबाट राजीनामाको घोषणा गर्नुभएको छ ।

बिहीबार प्रदेशसभामा सम्बोधन गर्दै शाहले पदबाट राजीनामा दिएको घोषणा गर्नुभएको हो । राजीनामा दिएको पत्र प्रदेश प्रमुख नजिर मियाँलाई बुझाउने जानकारी समेत शाहले सभालाई गराउनुभएको थियो । बजेटको विषयमा असहमति जनाउँदै नेकपा एमालेले शाहलाई दिएको समर्थन गत असार ३१ गते फिर्ता लिएको थियो । समर्थन फिर्ता लिएपछि अल्पमतमा परेका शाहले ३० औं दिनमा राजीनामा दिनुभएको हो । राजीनामासँगै अब प्रदेश प्रमुखले नयाँ सरकार गठनका लागि आह्वान गर्नुहुनेछ ।

# घरमा प्लाष्टर गर्दा खसेर ३ जना घाइते

**युगबोध समाचारदाता**

तुलसीपुर, २८ साउन । शान्तिनगर-५ रगैंजामा तीनतले पक्कीघरमा प्लास्टर गर्ने क्रममा खसेर तीनजना घाइते भएका छन् ।

टेकासा लगाइएको बाँस भाँच्चिदा घरमा प्लास्टर गरिहेका तीनजना मजदुर खसेर घाइते भएको प्रहरीले जनाएको छ । घाइते हुनेमा शान्तिनगर-५ रगैंजाका ३८ वर्षीय चनकलाल चौधरी, सोही ठाउँका ३० वर्षीय कर्णबहादुर चौधरी र रजघटुवाका ३३ वर्षीय कुमार चौधरी हुनुहुन्छ । घाइतेहरुलाई रगैंजामा प्राथमिक उपचारपछि थप उपचारका लागि राप्ती प्रादेशिक अस्पताल तुलसीपुर ल्याइएको प्रहरीले जनाएको छ ।

## १० शव....

टोली उवा पुगेको छ । उद्धार कार्यबारे जानकारी दिँदै प्रमुख जिल्ला अधिकारी गंगाबहादुर क्षेत्रीले भन्नुभयो, 'हामी प्रभावित क्षेत्र उवा पुगेर राहत र पुनःस्थापनाको कार्यलाई तीव्रता दिएका छौं । भीषण पहिरोले पुऱ्याएको क्षति निकै पीडादायी छ, तर उद्धार टोलीको शीघ्र परिचालन र स्थानीयवासीको सहयोगले राहत व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन सकिएको छ । प्रभावित परिवारहरूलाई सुरक्षित बासस्थान, खाद्यान्न र स्वास्थ्य सुविधाको कुनै कमी हुन नदिन प्रशासन पूर्ण प्रतिबद्ध छ ।' रोल्पा प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक (डिएसपी) पञ्चकुमार बाखुले खोजी तथा सुरक्षा व्यवस्थाबारे जानकारी दिँदै पहिरो लगत्तै सुरक्षा निकायको टोली घटनास्थलमा खटिएर खोज तथा उद्धार कार्यलाई प्राथमिकताका साथ अघि बढाएको बताउनुभयो । छिमेकी जिल्ला प्युठानमा फेला परेका शवहरूको सनाखत र कानुनी प्रक्रियाका लागि पनि प्रहरी टोली निरन्तर समन्वयमा रहेको उल्लेख गर्दै उहाँले घाइतेहरूको यथाशीघ्र उपचार र क्षेत्रको सुरक्षा अवस्थालाई चुस्त राख्न आफूहरु खटिएको बताउनुभयो ।

# लागूऔषध तथा साइबर अपराधबिरूद्ध सचेतना

**युगबोध समाचारदाता**

तुलसीपुर, २८ साउन । पछिल्लो समय युवापुस्तामा बढ्दै गएको लागूऔषध दुर्व्यसन तथा प्रविधिको दुरुपयोगबाट हुने साइबर अपराधका विषयमा बिहीबार तुलसीपुरमा सचेतना कार्यक्रम गरिएको छ ।



कार्यक्रममा लागूऔषधको प्रयोगले व्यक्ति, परिवार र समाजमा पार्ने असर, यसको नियन्त्रण तथा रोकथामका उपायका साथै सामाजिक सञ्जाल र इन्टरनेटको असुरक्षित प्रयोगबाट निम्तिन सक्ने साइबर अपराधबारे विद्यार्थी तथा युवालाई जानकारी गराइएको थियो । इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रहरी निरीक्षक असिम हमालले लागूऔषध दुर्व्यसन तथा साइबर अपराधसम्बन्धी प्रशिक्षण दिनुभएको थियो । उहाँले युवाहरूलाई प्रविधिको सुरक्षित र जिम्मेवार प्रयोग गर्न तथा लागूऔषधको जोखिमबाट टाढा रहन आग्रह गर्नुभएको थियो ।

कार्यक्रम नगर युवा परिषद्का उपाध्यक्ष प्रकाश रावतको अध्यक्षतामा भएको हो । तुलसीपुर-६ का वडाध्यक्ष दुजमान भण्डारीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहन भण्डारी, मानव अधिकार तथा शान्ति समाज दाङका सभापति कोमल डिसी, विद्यालय सञ्चालक समितिका सदस्य गोरखबहादुर ओली, विद्यालयका प्रधानाध्यापक कुलानन्द अधिकारीलगायतको उपस्थिति थियो ।

अन्तर्राष्ट्रिय युवा दिवस २०२६ को अवसरमा आयोजित सप्ताहव्यापी कार्यक्रमअन्तर्गत तुलसीपुर उपमहानगरपालिका, नगर युवा परिषद् र नगरस्तरीय युवा सञ्जालको संयुक्त आयोजना तथा इलाका प्रहरी कार्यालय तुलसीपुर र दिव्यकुञ्ज एकेडेमीको सहकार्यमा दिव्यकुञ्ज एकेडेमीमा कार्यक्रम गरिएको थियो । युवालाई लागूऔषध तथा साइबर अपराधका जोखिमबारे सचेत गराउँदै सुरक्षित, जिम्मेवार र सकारात्मक जीवनशैलीतर्फ प्रेरित गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको आयोजकले जनाएको छ ।

## सम्पादक....

नेपालको गम्भीर ध्यानाकर्षण भएको छ'- विज्ञप्तिमा भनिएको छ । नागरिकको सूचनाको हकको प्रत्याभूति प्रेस स्वतन्त्रताबाटै हुने भएकाले प्रेसको मर्यादा कायम राख्नु सम्बद्ध सबैको कर्तव्य रहेको र प्रेस स्वतन्त्रताको सदुपयोग र सम्मान हुनुपर्ने विज्ञप्तिमा उल्लेख छ ।

'काउन्सिल सञ्चारकर्मको क्रममा पत्रकार/सञ्चारकर्मीद्वारा प्रस्तुत कार्यशैली, व्यवहार तथा पेशागत मर्यादा एवं आचरणप्रति पनि उत्तिकै चिन्तित छ'- विज्ञप्तिमा भनिएको छ- 'प्रेस स्वतन्त्रताको प्रयोग गर्ने नाममा हुनसक्ने स्वच्छन्दतातर्फ सबै पत्रकार र सञ्चारकर्मी सचेत हुनैपर्दछ ।' सत्य, तथ्य र सन्तुलित एवं विश्वसनीय पत्रकारिताको माध्यमबाट यसको व्यावसायिक अभ्यासलाई उच्च पेशागत मर्यादित, जवाफदेही एवं उत्तरदायी बनाउँदै प्रेस स्वतन्त्रताको दुरूपयोग हुन नदिनेतर्फ सजगता अपनाउनै पर्ने विज्ञप्तिमा अगाडि उल्लेख छ । 'अतः काउन्सिलले आफ्नो क्षेत्राधिकारभित्र रहेर दुबै दृष्टिकोणबाट पत्रकार र सञ्चारमाध्यमको अनुगमन गर्दै आएको विषयलाई मध्यनजर गरी कुनै समाचारको विषयमा चित्त नबुझे काउन्सिलमा उजुरी दिन सरोकारवाला सबै पक्षमा विनम्र अनुरोध गर्दछ'- काउन्सिलले भनेको छ ।

## भेरी....

कसैलाई बगाएर कहाँ पुऱ्यायो भन्ने थाहा छैन । नदीको गहिराइ कति छ भन्ने यकिन छैन । तीव्र बहावले जीप र यात्रुलाई कुन दिशातर्फ लग्यो भन्ने पनि पत्ता लागेको छैन । यही अनिश्चितताले खोजीलाई झन् कठिन बनाएको सुरक्षाकर्मीहरू बताउँछन् । बिहीबार नदीको वारिपारी र करिब पाँच किलोमिटर तलसम्म सम्भावित क्षेत्रमा खोजी गरिएको थियो । शुक्रबार पुनः खोजी कार्य गरिने प्रहरीले जनाएको छ ।


**नेसनल बाथरोग सेन्टर**


(प्रधान कार्यालय काठमाडौंको व्यवस्थापनमा सञ्चालित)

**कान्तिपुर आर्थ्राइटिस एण्ड रूमाटिजम प्रा.लि.**

तुलसीपुर-५, 'क' लाईन वि.पि. चोक, दाङ

फोन नं.: ०८२-५२०१०३, ९८५७८८०१०३

**हाम्रा सेवाहरू:**



- नशा तथा बाथरोग सम्बन्धी विशेषज्ञ सेवा ।
- स्त्री तथा प्रसुती रोग सम्बन्धी जाँच तथा उपचार सेवा ।
- प्रेसर, सुगर, थाईराइड, छातीरोग, मुटुरोग, मृगौला, कलेजो, निमोनिया, टाईफाईड एवं पाचन प्रणाली सम्बन्धी विशेषज्ञ सेवा ।
- बिहान ७ बजेदेखि बेलुकी ७ बजेसम्म दैनिक ओ.पी.डि. सेवा ।
- नाक, कान तथा घाटी रोग सम्बन्धी विशेषज्ञ सेवा ।
- नबजात शिशु तथा बालरोग विशेषज्ञ सेवा ।
- शरीरमा हुने विभिन्न नसा तथा बाथरोगहरु अत्याधुनिक मेसिनद्वारा परीक्षण गरिने ।
- अल्ट्रासाउण्ड (2D, 3D, 4D) रंगीन भिडियो एक्स-रे र सादा X-RAY सेवा । ल्यावः रगत, दिसा, पिसाब, (Culture): अटो एनालाइजर मेसिनद्वारा बायो केमिकल टेष्ट ADA, HbA1c PT/INR, THYROID FUNCTION TEST: कुल्टर काउण्ट ।
- मेशिनद्वारा हेमाटोलोजी टेष्ट ।
- **फार्मेसी**: स्वदेशी तथा विदेशी औषधि बिक्री वितरण गर्ने ।
- परिवार नियोजन सम्बन्धी सेवा तथा सल्लाह ।
- Whole body चेकअपको लागि विशेष छुटको व्यवस्था ।



**तपाईंको घरमा विवाह छ ?**

विवाह कार्ड, शुभ विवाहको ब्यानरको लागि : ९८४७९६९८८६

टेन्ट पनि चाहिएमा : सम्पर्क : ९८४४९१९८९८

डि.जे. को लागि : सम्पर्क : ९८४७९६६३६८

जन्तीको लागि स्कारपियो गाडी र नव दम्पतीलाई बधाई तथा शुभकामना छपाउनको लागि : सम्पर्क ९८५७८४०२४१

**सुकुम्वासीलाई मौका**

बस्न र खेती गर्न उपयुक्त चिसो हावापानी भएको लमही न.पा.-१ सितलापुरमा रहेको १ बिगाहा १० कट्ठा जग्गामा खेती गर्ने आफै खाने र अन्य केही शर्तमा खेती गर्ने मेहनती किसानले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क: ९८५७८४०२४१

राधेश्याम गुप्ता


नेपाल सरकार

गृह मन्त्रालय

**जिल्ला प्रशासन कार्यालय**

प्युठान

**प्रमाणित सम्बन्धमा**

**श्री जो जससँग सम्बन्ध राख्दछ ।**

प्रस्तुत सन्दर्भमा, प्युठान जिल्ला झिमरुक गाउँपालिका वडा नं. ६ साविक तोरवाङ गा.वि.स. वडा नं. ३ मा बस्ने लाल विर पुनको छोरा भारतीय आर्मी 5/5 GR No. 5444941 W. HAV का भू.पू. पेन्सनर खिम बहादुर पुन भन्ने खेम बहादुर पुनले प्रमाणित गरिपाउँ भनी दिएको निवेदनका सन्दर्भमा निजको पत्नीको नेपाली नागरिकता प्रमाणपत्रमा (ना.प्र.नं. ३९७१२) नामथर बेली पुन (Beli Pun) र पेन्सन कागजातमा पत्नीको नामथर भेली पुन (Bheli Pun) उल्लेख भई नामथर फरक भए तापनि उल्लेखित बेली पुन (Beli Pun) र भेली पुन (Bheli Pun) भन्ने व्यक्ति फरक फरक नभई एउटै व्यक्ति हो भनी झिमरुक गाउँपालिका ६ नं. वडा कार्यालयको च.नं. ११२३, मिति २०८३/०२/२२ को सिफारिस पत्रबाट लेखी आएको हुँदा सोही व्यहोरा भारतीय पेन्सन प्रयोजनका लागि प्रमाणित गरिन्छ ।

**प्रमुख जिल्ला अधिकारी**

तुलसीपुर उपमहानगरपालिका र लुम्बिनी बौद्ध विश्वविद्यालयको साझेदारीमा सञ्चालित

**तुलसीपुर मेट्रो कलेज**

तुलसीपुर-१२ हरिपौरी, दाङ

**करार सेवामा शिक्षक पदपूर्ति सम्बन्धमा ।**

सूचना प्रकाशित मिति: २०८३/०४/२८ गते

तुलसीपुर उपमहानगरपालिका र लुम्बिनी बौद्ध विश्वविद्यालयको साझेदारीमा सञ्चालित यस तुलसीपुर मेट्रो कलेजका लागि निम्नलिखित कार्यक्रममा उपप्राध्यापक पदमा पूर्णकालिन करार सेवाका लागि खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुबाट सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आवेदन दिनुहुनका लागि यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी प्राप्त हुन आएको र रित नपुगेको दरखास्त उपर कुनै पनि कारवाही हुने छैन ।

**पद**: उपप्राध्यापक

| क्र.सं. | कार्यक्रम | आवश्यक संख्या | न्यूनतम योग्यता |
|---|---|---|---|
| १ | बिएएलएलबी | १ | सम्बन्धित विषयमा स्नातकोत्तर |
| २ | बिएचटिएम | १ | सम्बन्धित विषयमा स्नातकोत्तर |

**फाराम बुझाउने अन्तिम मिति**: २०८३/०५/११ गतेसम्म ।

**आवश्यक कागजात**: प्रवेशिकादेखि माथिका सबै शैक्षिक योग्यताको लब्धांक पत्र र प्रमाणपत्रका साथै नागरिकताको प्रमाणित प्रतिलिपिहरु ।

**निवेदन दस्तुर**: रु. ३००० मात्र । तुलसीपुर मेट्रो कलेजको लक्ष्मी सनराइज बैंक तुलसीपुर शाखामा रहेको खाता नम्बर ०९२०८३१७८८७०१००१ मा जम्मा गर्नुपर्नेछ ।

**परीक्षाको किसिम**: लिखित र अन्तर्वार्ता

**सम्पर्क मिति**: अन्तिम मितिको अर्को दिन ।

**नोट**: लुम्बिनी बौद्ध विश्वविद्यालयले तोकेको पाठ्यक्रम अनुसार परीक्षा सञ्चालन हुनेछ ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**

**राप्ती गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

मसुरिया, दाङ, लुम्बिनी प्रदेश, नेपाल

**दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति २०८३।०४।२९ गते)

यस कार्यालयले मिति २०८३ साउन १८ गते कार्यालयमा प्रकाशित सूचना अनुसार राप्ती गाउँपालिकाको कार्यालय, मसुरिया दाङमा E-Bidding को माध्यमबाट दर्ता हुन आएका प्रस्तावपत्रहरुको मूल्यांकन हुँदा तपसिलको दरभाउपत्र न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिएकोले सम्बन्धित सबै प्रस्तावदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम र ठेगाना | अधिकतम मूल्यांकित कबोल अंक रु (VAT) सहित) |
|---|---|---|---|
| RAPTI/REV/01/083/084 | कवाडी कर | J.M.D. CONSTRUCTION PVT. LTD. GADHAWA-5 DANG | ९,२३,२१०/- |
| RAPTI/REV/02/083/084 | विज्ञापन कर | RITIK MEDIA PVT. LTD. GADHAWA-5 DANG | ६,७९,०००/६५ |

**प्रमुख प्रशासकीय अधिकृत**

**श्री मायालु सामुदायिक वन उपभोक्ता समूह**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ८ बोटलपुर, दाङ

**गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !**

प्रथम पटक प्रकाशन मिति : २०८३।०४।२९ गते

श्री मायालु सामुदायिक वन उपभोक्ता समूह, तुलसीपुर उपमहानगरपालिका वडा नं. ८ बोटलपुर, दाङको वनबाट उत्पादन भई तुलसीपुर उपमहानगरपालिका वडा नं. ८ वोटलपुर, दाङको घाटगद्दीमा लट बनाई राखिएको आ.व. २०८२/८३ मा संकलन भएको खयर प्रजातिको गोलिया काठ थान १०५८ को ८४२.२५ क्युफिट जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनभित्र र सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै भोलिपल्ट प्रत्येक लटको छुट्टाछुट्टै शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ ।

**अध्यक्ष**


**OHM PHARMACEUTICALS LABORATORIES PVT.LTD.**

WHO-GMP Certified Company

फैढोका, ९ ताथली, भक्तपुर, नेपाल, फोन न. ०१४११०७६१

E-mail: info@opl.com.np, www.opl.com.np

**आर्थिक वर्ष २०८३/०८४ को मान्यदर**

यस ॐ फर्मास्यूटिकल्स् ल्याब. प्रा.लि.बाट उत्पादन गरिएका तपसिल बमोजिमका औषधिहरुको मूल्य सार्वजनिक गरिएको व्यहोरा सर्वसाधारणमा जानकारी गराइन्छ ।

**तपसिल** :

| S. N. | Generic Name | Rate (per tab/phl) |
|---|---|---|
| 1 | Ursodeoxycholic acid 150/300 mg tablets | 21/34 |
| 2 | Betahistine HCL 8/16 mg tablets | 12-Aug |
| 3 | Lactitol Monohydrate 200 ml solution | 305 |
| 4 | Esomeprazole 40 mg fast releasing tablets | 14 |
| 5 | Coenzyme Q10 30/60/100 mg capsules | 17/26/39 |
| 6 | Melatonin 3/5/10 mg tablets | 7/10/15 |
| 7 | Prednisolone 5/10/20/40 mg tablets | 2/4/7/13 |
| 8 | Deflazacort 6/30 mg tablets | 13/64 |
| 9 | Tamsulosin HCL 0.4 mg capsules | 12 |
| 10 | Tofacitinib Citrate 5 mg tablets | 41 |
| 11 | Mifepristone 200 mg tablets | 538 |
| 12 | Sucralfate 500 mg Susp. | 168 |
| 13 | Sucralfate 500 mg + Oxetacaine 10 mg Susp. | 287 |
| 14 | Itopride Hydrochloride 50/150 mg SR tablets | 95/21 |
| 15 | Lactulose 10 gm/15 ml solution 100/200 ml | 158/295 |
| 16 | Disodium Hydrogen Citrate 100 ml syrup | 46 |
| 17 | Finasteride 5 mg tablets | 18 |
| 18 | Norethisteron 5 mg tablets | 5.74 |
| 19 | Methylprednisolone 4/8/16 mg | 6/9/18 |
| 20 | Vonoprazan 10/20 mg tablets | 13/24 |
| 21 | Dutasteride 0.5 mg. tablets | 18 |
| 22 | Silodosin 4/8 mg capsules | 16/30 |
| 23 | Flavoxate 200 mg tablets | 16 |
| 24 | Tadalafil 5/10/20 mg tablets | 14/25/36 |
| 25 | Dydrogesterone 10 mg tablets | 86 |
| 26 | Dienogest 2 mg tablets | 116 |
| 27 | Progesterone 200 SR tablets | 41 |
| 28 | Medroxyprogesterone Acetate 10 mg tablets | 8 |
| 29 | Letrozole 2.5 mg tablets | 43 |


नयाँ युगबोध प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, संस्थापक एवं सल्लाहकार : नारायणप्रसाद शर्मा, अध्यक्ष तथा प्रबन्ध निर्देशक : प्रताप रेग्मी, सम्पादक : लक्ष्मी आचार्य, समाचार सम्पादक : जे.एन. सागर व्यवस्थापक : ऋषिराज पोख्रेल
मुद्रक : प्रतिभा अफसेट प्रेस, कार्यालयः घोराही दाङ, लुम्बिनी प्रदेश, नेपाल फोन : ०८२-५६००८४, ५६१३०३, ०८२-५६०९४८, शाखा कार्यालयहरुः राप्ती उपत्यका (देउखुरी)- ०८२-५९०४८५, तुलसीपुर- ५२०९४८, लमही- ९८५७८४०२४१, E-mail : yougbodh@gmail.com